नेपाल सरकार

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(..........................................................शाखा)

प.सं. :०७५/०७६

च.नं. : ९५१

सिंहदरवार, काठमाण्डौं

मिति २०७५।०५।२४

## प्रेस विज्ञप्ति

मिति २०७५ साल भदौ २१ गते माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानु भक्त ढकालसंग नेपालका लागि स्वीजरल्याडका महामहिम राजदूत Elisabeth Von Capeller Oswald ले माननीय मन्त्रीज्यूको कार्यकक्षमा शिष्टाचार भेट गर्नु भयो । भेटका अवसरमा नेपाल र स्वीजरल्याण्ड बीचको लामो र सौहार्दपूर्ण कुटनीति सम्वन्धको महत्वलाई स्मरण गर्दै आपसी सहयोग आदानप्रदानका समसामयिक विषयमा छलफल भएको थियो । महामहिम राजदूतवाट संविधान कार्यान्वयनसंग सम्वन्धित कानून निर्माण तथा विद्यमान कानूनको संसोधन तथा संक्रमणकालीन न्यायको व्यवस्थापनका विषयमा जिज्ञासा राख्नु भएको थियो । भेटघाटका अवसरमा माननीय मन्त्रीज्यूले संविधान कार्यान्वयनको अवस्था, संक्रमणकालीन न्याय व्यवस्थापनका लागि गरिएका प्रयास र सरकारको प्राथमिकताका विषयमा जानकारी गराउनु भएको थियो । साथै सो अवसरमा माननीय मन्त्रीज्यूले संविधान कार्यान्वयन, नयाँ कानून निर्माण तथा विधमान कानूनमा संसोधन, आर्थिक सम्मृद्धि र सुशासनजस्ता पक्षमा नेपाल सरकारको उच्च प्राथमिकता रहेको जानकारी गराउनु गर्नु भएको थियो ।

रमेश ढकाल

प्रवक्ता एवं सहसचिव

फोन: ४-२११९८७, ४-२११७८६, ४-२११६३०, ४-२११७४१, ४-२११६३४, ४-२११७०२, ४-२११६३६, ४-२११८७२, ४-२११७२७

फ्याक्स नं.: ४-२११६८४